# पोखरा विश्वविद्यालय
# POKHARA UNIVERSITY
Kaski, Nepal

चलानी नं.:/Ref.No. २०८०/०८१

मितिः२०८०/०५/२५

**पोखरा विश्वविद्यालयको विज्ञान तथा प्रविधि संकाय, व्यवस्थापन र मानविकी तथा सामाजिक शास्त्रको स्नातक तह छात्रवृत्ति छनौंट परीक्षामा सहभागी उम्मेदवारहरुको उत्तिर्ण सूचि (Pass List) प्रकाशित सम्बन्धि सूचना !**

पोखरा विश्वविद्यालय स्नातक तह छात्रवृत्ति छनौंट समिति २०८० बाट कक्षा ११ उत्तिर्ण भएका र कक्षा १२ को परीक्षा दिएका विद्यार्थीहरु समेतलाई पोखरा विश्वविद्यालय छात्रवृत्ति सम्बन्धी नियमानुसार छनौंट प्रवेश परीक्षामा सहभागी गराउन मिति २०८०/०५/०२ गतेदेखि मिति २०८०/०५/१७ गतेसम्म अनलाइन दरखास्त फाराम भराइ मिति २०८०/०५/२२ र २३ गते लिइएको व्यवस्थापन संकाय, मानविकी तथा सामाजिक शास्त्र संकाय समूह (क), मानविकी तथा सामाजिक शास्त्र संकाय समूह (ख), मानविकी तथा सामाजिक शास्त्र संकाय समूह (ग), विज्ञान तथा प्रविधि संकाय समूह (क) र विज्ञान तथा प्रविधि संकाय समूह (ख) को परीक्षामा सहभागी उम्मेदवारहरुको संलग्न बमोजिमको उत्तिर्ण सूचि **(Pass List)** प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको लागी जानकारी गराईन्छ। प्रकाशित उत्तिर्ण सूचिमा रहेको आफ्नो नतिजालाई सम्बन्धित उम्मेदवारहरुले पोखरा विश्वविद्यालयको Website (www.pu.edu.np) मा गई हेर्न सकीनेछ। Scholarship Portal मा गई आफ्नो Gmail र Password लगइन गरी Open भएको Dashboard को Entrance Exam मा समेत नतिजा र सूचना हेर्न सकिनेछ।

नियम अनुसार समितिले अविलम्ब योग्यताक्रम (Merit List) समेत प्रकाशित गर्नुपर्ने भएको हुँदा आज प्रकाशित **उत्तिर्ण सूचि (Pass List)** मा समावेश भएका तर अनलाईन फाराम भर्दा प्लस टु उत्तिर्ण भएको ट्रान्स्कृप्ट र चारित्रिक प्रमाणपत्र नबुझाएका उम्मेदवारहरुले यही मिति २०८०/०६/०१ गतेसम्ममा अनलाईन मार्फत अनिवार्य उक्त डकुमेन्ट बुझाउनुहुन समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ । प्लस टु उत्तिर्ण भएको ट्रान्स्कृप्ट र चारित्रिक प्रमाणपत्र नबुझाउने उम्मेदवारहरुलाई योग्यताक्रम (Merit List) मा समावेश गरिनेछैन ।

उम्मेदवारहरुले ट्रान्स्कृप्ट र चारित्रिक प्रमाणपत्र अनलाईन मार्फत पेश गर्दा Scholarship Portal मा गई आफ्नो Gmail र Password लगईन गरी Dashboard खोल्ने र Scholarship Profile मा गई Intermediate Education Information मा गएर अपडेट गर्नुपर्नेछ ।

आज प्रकाशित उत्तिर्ण सूचि **(Pass List)** मा समावेश भएका उम्मेदवारहरुले उत्तिर्ण सूचिमा रहेको आफ्नो नाम, ठेगाना, छात्रवृत्ति कोटा र स्कूल टाइपमा चित्त नबुझेमा निवेदन लेखि **puscholarship@pu.edu.np** मा मिति २०८०/०५/२८ गतेसम्म ईमेल पठाई जानकारी गराउन सक्नेछन्। उम्मेदवारहरुले जानकारीको लागि निवेदन दिदा आफ्नो **नाम, संकाय, रोल नं., प्राप्त स्कोर र मोवाइल नं.** अनिवार्य उल्लेख गर्नुपर्नेछ। अन्यथा प्राप्त निवेदन उपर कुनै कारवाही गरिनेछैन।

पोखरा विश्वविद्यालयको स्नातक तह छात्रवृत्ति छनौंट प्रवेश परीक्षामा सहभागी भएका विज्ञान तथा प्रविधि संकाय समूह (क) को रोल नं. 2080-S-ST-Ka-45-0551 का उम्मेदवारले परीक्षाको नियम विपरित कार्य गरेको हुँदा निजको परीक्षा रद्ध गरिएको व्यहोरा समेत सम्बन्धित सबैको लागी जानकारी गराईन्छ।

रोशन पाण्डे
सदस्य-सचिव
स्नातक तह छात्रवृत्ति छनौंट समिति, २०८०